म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २०८ आइतबार २८ फागुन २०७९ ने. सं. ११४३ चिल्लागा 12 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भूमि अधिकार मञ्च नगरमा न्यौपाने

हेटौंडा, २७ फागुन/ राष्ट्रिय भूमि अधिकार मञ्च हेटौंडा उपमहानगरपालिका कमिटीको अध्यक्षमा गोविन्दप्रसाद न्यौपाने चयन भएका छन् । हेटौंडामा शनिबार भएको प्रथम नगर अधिवेशनले नगर अध्यक्ष पदमा न्यौपानेलाई सर्वसम्मत चयन गरेको हो । मञ्चको नगर उपाध्यक्षमा टीकाप्रसाद भट्टराई, सचिवमा ज्ञानबहादुर थिङ, सहसचिवमा रुक्मणि तिमल्सिना, कोषाध्यक्षमा अनुपा घलानलाई चयन गरिएको छ । यसैगरी, सदस्यहरुमा जमुना राई, कृष्ण बल, सोमबहादुर थोकर र दुर्गादेवी न्यौपाने पौडेल चयन भएका छन् । मञ्च जिल्ला सदस्य विष्णु आचार्यको सभाध्यक्षतामा भएको अधिवेशनमा हेटौंडा-११ की वडा सदस्य गोपिनी सापकोटाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा मञ्चका जिल्ला अध्यक्ष यज्ञबहादुर श्रेष्ठ, जिल्ला सदस्य देवकृष्ण थोकर, टोल विकास संस्था वडा समन्वय समितिका हेटौंडा-११ अध्यक्ष यज्ञबहादुर आचार्यलगायतको आतिथ्यता थियो ।

स्ववियू निर्वाचनः

# मकवानपुरमा गठबन्धन बनाएर उम्मेदवारी दर्ता, कुन क्याम्पस कसलाई ?

साझाकुरा संवाददाता



हेटौंडा, २७ फागुन/ १४ वर्षपछि हुन लागेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) चुनावका लागि शनिबार मकवानपुरका सबै क्याम्पसहरुमा उम्मेदवारी दर्ता भएको छ ।

त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरुमा ५ चैतमा हुने चुनावका लागि विभिन्न राजनीतिक दलसम्बद्ध विद्यार्थी संगठनले उम्मेदवारी दर्ता गराएका हुन् । जिल्लाका सबै क्याम्पसहरुमा शान्तिपूर्ण मनोनयन दर्ता भएको छ । जिल्लाको पालुङ बहुमुखी क्याम्पस बाहेक अन्य क्याम्पसहरुमा चुनावी प्रतिस्पर्धा हुने भएको छ । पालुङ क्याम्पसमा भने सबै संगठनले मिलेर एकल प्यानलको उम्मेदवारी दर्ता गराएका थिए । आवश्यकभन्दा बढी पदमा उम्मेदवारी नपरेपछि शनिबार उम्मेदवारी दिएकाहरु नै निर्बिरोध हुने सम्भावना छ ।

जिल्लाको सबैभन्दा ठूलो शैक्षिक संस्था मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, पालुङ क्याम्पस, हटियाको जनप्रिय, चौघडाको वंशगोपाल, मनहरीको मनहरी क्याम्पस, वनविज्ञान फरेष्ट्रि क्याम्पस र बस्तिपुरको निर्मल बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचन हुँदैछ ।

मकवानपुरमा स्ववियु निर्वाचनका लागि नेकपा एमालेको अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) र एकीकृत समाजवादीनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू)बीच तालमेल भएको छ । यी दुई संगठनसँग जिल्लामा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपानिकट विद्यार्थी संगठनले पनि मिलेर निर्वाचनमा जाने लिखित सहमति गरेको छ ।

माओवादी केन्द्रनिकट अनेरास्ववियु क्रान्तिकारी, नेपाली कांग्रेसनिकट सुवास सापकोटा अध्यक्ष रहेको नेविसंघ र राप्रपानिकट प्रजातान्त्रिक विद्यार्थी संगठनले आठवटै क्याम्पसमा भागबण्डा गरेर साझा उम्मेदवार खडा गरेका छन् । नेविसंघको सुवास सापकोटा पक्ष क्रान्तिकारी र राप्रविसंसँग मिलेको हो । नेविसंघकै भिषण ठकुरी समूहले भने मकवानपुर बहुमुखी क्याम्पसमा छुट्टै उम्मेदवारी दर्ता गराएको विद्यार्थी नेता सागर घिमिरेले जानकारी दिए । मकवानपुर बहुमुखी क्याम्पसमा ठकुरी पक्षबाट नेविसंघको नाममा उम्मेदवारी दर्ता परेपछि निर्वाचन समिति तनावमा परेको छ । निर्वाचन समितिको शनिबार नै बसेको बैठकले आधिकारिता छुट्याउन नसकेको जनाइएको छ । समितिले आज आइतबारसम्म टुंगो लगाउने भएको छ ।

एमालेनिकट अनेरास्ववियुले ८ वटा क्याम्पसमध्ये ४ वटा क्याम्पसमा सभापति लिएको छ । नेकपा एसनिकट अनेरास्ववियूले २ क्याम्पसमा सभापति लिँदा विप्लवनिकट विद्यार्थी संगठनले एउटा क्याम्पसमा सभापति लिएको जनाइएको छ । अर्को गठबन्धनतर्फ सुवास सापकोटा पक्षको नेविसंघले ४ वटा क्याम्पसमा, अनेरास्ववियु क्रान्तिकारीले तीन वटामा र राप्रपाले १ क्याम्पसमा सभापति लिएको छ ।

यस्तै, वनविज्ञान क्याम्पसमा नेविसंघ र क्रान्तिकारीले छुट्टाछुट्टै उम्मेदवार खडा गरेका छन् । पालुङ बहुमुखी क्याम्पसको सभापति माओवादी केन्द्रनिकट अनेरास्ववियु क्रान्तिकारीलाई, सचिव तथा कोषाध्यक्ष एमालेनिकट अनेरास्ववियुलाई र सदस्यहरु नेविसंघ र राप्रविंसलाई दिएर उम्मेदवारी दर्ता भएको थियो ।

एमालेनिकट अनेरास्ववियुले मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, वनविज्ञान र निर्मल बहुमुखी क्याम्पसको सभापति लिएको छ । नेकपा एसनिकट अनेरास्ववियूले मनहरी बहुमुखी क्याम्पस, वंशगोपाल क्याम्पस लिँदा क्रान्तिकारीले जनप्रिय क्याम्पस पाएको विद्यार्थी नेता आकाश अधिकारीले बताए ।

यसैगरी, अर्को गठबन्धन तर्फ नेविसंघले हेटौंडा क्याम्पस, वनविज्ञान, मनहरी, जनप्रिय लिएको नेविसंघका अध्यक्ष सुवास सापकोटाले जानकारी दिए । उनका अनुसार माओवादी केन्द्रनिकट क्रान्तिकारीले मकवानपुर बहुमुखी, पालुङ, निर्मलको सभापति लिएको हो । राप्रविंसले वंशगोपालमा सभापति पाएको छ ।

**पालुङ क्याम्पसमा सबै मिले**

जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा रहेको पालुङ बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनका लागि सबै संगठनहरु मिलेर एकल उम्मेदवारी दिएका छन् ।

त्रिभुवन विश्वविद्यालयले तय गरेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको कार्यतालिका अनुसार शनिबार समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता भएको थियो । देशका अधिंकाश क्याम्पसहरुमा राजनीतिक दलको गठबन्धनअनुसार नै विद्यार्थी संगठनहरु पनि गठबन्धन बनाएर स्ववियु निर्वाचनमा होमिएका छन् । तर, पालुङ बहुमुखी क्याम्पसमा भने निर्वाचनमा भाग लिन दर्ता भएका नेकपा (एकीकृत समाजवादी)निकट विद्यार्थी संगठन बाहेक ४ वटा सबै संगठनहरु मिलेर एकल उम्मेदवारी दिएका छन् ।

पालुङ क्याम्पसमा शनिबार बिहान ११ बजेदेखि २ बजे तोकियको समयभित्र एमालेनिकट अनेरास्ववियु, अखिल क्रान्तिकारी, नेविसंघ र राप्रविसंघको एकल प्यानल बनेको हो । क्रान्तिकारीलाई अध्यक्ष, अनेराववियुलाई सचिव र कोषाध्यक्ष तथा नेविसंघ र राप्रविसंघलाई सदस्य पद बाँडफाँड गरेर चार दलले एकल उम्मेदवारी दर्ता गराएका हुन् ।

शनिबार नेकपा एसनिकटको अनेरास्ववियूले उम्मेदवारी नै दर्ता नगरेको निर्वाचन अधिकृत कुमार नेगीले जानकारी दिए । केन्द्रीय सर्कुलरअनुसार संगठन दर्ता भएपनि उम्मेदवारी नपरेको जनाइएको छ ।

सभापतिमा पुस्कल श्रेष्ठ, सचिवमा दिलिप रुम्बा, कोषाध्यक्षमा आयाम नापित तथा सदस्यहरुमा मेनुका देउला, मोनिका खत्री र पुष्पा कार्कीले उम्मेदवारी दिएको निर्वाचन अधिकृत नेगीले जानकारी दिए । पदअनुसार एकल उम्मेदवारी परेपछि सभापतिदेखि सदस्यसम्म सबै सर्वसम्मत हुने देखिएको छ । दाबी विरोधको समय सकिएपछि उनीहरुलाई सर्वसम्मत घोषणा गरिने जनाइएको छ ।

यसैगरी, समानुपातिक तर्फ अखिल क्रान्तिकारीबाट सविता केसी, नेबिसंघबाट रोशनी गोपाली र नविना अधिकारी, अनेरास्ववियुबाट सुस्मिता श्रेष्ठ र राप्रबिसंघबाट पुष्पा पाखिन उम्मेदवार रहेको निर्वाचन अधिकृतको कार्यालय पालुङ क्याम्पसले जानकारी दिएको छ ।

# बागमतीका तीन मन्त्रालय मन्त्रीविहीन

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ सरकार गठनका बेला बनेको नेकपा एमालेसहितको नयाँ गठबन्धन दुई महिनाभित्रै फुटेपछि बागमती सर कारमा पनि प्रभाव पऱ्यो ।

नेकपा माओवादी केन्द्रको नेतृत्वमा रहेको बागमती सरकारमा सहभागी नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मध्ये तीन मन्त्री सरकारबाट बाहिरिसकेका छन् । राप्रपाका तीन मन्त्रीले दुई हप्ताअघि नै राजीनामा दिएका थिए भने रिक्त मन्त्रालय मन्त्रीविहीन बनेको छ ।

राप्रपाका तीन मन्त्रीले सरकार छोडेपछि मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले यी मन्त्रालय आफैं सम्हाल्दै आएका छन् । खाली मन्त्रालयमा नयाँ सत्ता समीकरणमा मन्त्री नियुक्त हुने टुंगो नलागेपछि मन्त्रीविहीनताको अवस्था अनिश्चित बनेको छ ।

राप्रपा संसदीय दलका नेतासमेत रहेका खानेपानी, ऊर्जा तथा सिचाईं मन्त्री उद्धव थापा, पर्यटन, उद्योग तथा सहकारीमन्त्री डम्बर तामाङ र वन तथा वातावरणमन्त्री राजु विष्टले १३ फागुनमै राजीनामा दिएका थिए । मन्त्रीहरु सरकार छोडेर हिँडेपछि हालसम्म मुख्यमन्त्री जम्मकट्टेलले सरकार बिस्तार गरेका छैनन् । केन्द्र सरकारलाई दिएको समर्थन फिर्ता लिएको एमालेले बागमती प्रदेशमा भने समर्थन कायम राखेको छ । केन्द्रमा नयाँ सत्ता समीकरणमा रहेका कांग्रेस र नेकपा (एकीकृत समाजवादी) पनि बागमती सरकारमा सहभागी छैनन् ।

मुख्यमन्त्री जम्मकट्टेलले एमाले सरकारबाट बाहिरिएपछि मात्रै सरकार विस्तारको तयारी गरेका छन् । मुख्यमन्त्रीनिकटका सांसद्हरुका अनुसार चैत पहिलो साताभित्र सर कार बिस्तार हुने भएको छ । नयाँ सत्ता समीकरणमा प्रदेशको भागबण्डा नलागेका कारण जम्मकट्टेललाई तत्कालिन मन्त्री नियुक्त गर्न सहज भने छैन । उनलाई केन्द्रीय नेताहरुको निर्देशन नआएसम्म सरकार बिस्तार गर्न कठिनाई हुने देखिन्छ । ३ चैतमा हुने उपराष्ट्रपतिको निर्वाचनपछि मात्रै थप मन्त्रीहरु नियुक्त गरिने जम्मकट्टेलले बताएका छन् ।

बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१ र राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ सांसद् छन् । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ । नयाँ सत्ता समीकरणमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी एक भएसँगै सरकार गठनमा बहुमत पुगेको छ ।


## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**







## लामा फुटसल समितिको संयोजक



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामा अखिल नेपाल फुटबल संघ (एन्फा)को फुटसल समिति संयोजकमा चयन भएका छन् ।

एन्फा केन्द्रीय सदस्यसमेत रहेका लामालाई एन्फाको कार्यसमितिको बैठकले संघको विधान २०७७ संस्करणको धारा (५१) बमोजिम फुटसल समिति संयोजकमा चयन गरेको हो ।

लामाको संयोजकत्वमा नेपाली फुटसलले विकास र विस्तारको बाटो थप पहिल्याउन सफल हुने विश्वास एन्फाले लिएको छ । युवा पुस्ता माझ पछिल्लो समय फुटसल खेल लोकप्रिय बन्दै गइरहेको छ । मकवानपुरमा हेटौंडा र मकवानपुरगढीमा गरेर दुई वटा फुटसल कोर्ट छ ।


## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मनोसामाजिक समस्या र समाधानका उपाय

व्यक्ति र समाजबिच निरन्तर अन्तर्क्रिया भइरहन्छ । यदि यो अन्तर्क्रियाको परिणाम सकारात्मक रह्यो भने त्यसले एउटा व्यक्तिको व्यक्तित्व विकासमा टेवा पुऱ्याउँछ तर, परिणाम नकारात्मक रह्यो भने विभिन्न समस्याको अवस्था श्रृजना पनि गर्नसक्छ । आफ्नो कुरा बुझिदिने व्यक्तिको कमि, समस्यालाई नकारात्मक सामना गर्ने प्रवृत्ति र पूर्वअवस्था ग्रहण गर्नसक्ने क्षमताको कमि आदिका कारण मनोसामाजिक समस्या उत्पन्न हुनसक्छ । व्यक्तिमा उत्पन्न हुने तनाव वा भावनात्मक अप्ठ्यारो नै मनोसामाजिक समस्या हो । जसको असन्तुलनताले विभिन्न शारीरिक, मानसिक र सामाजिक समस्यालाई निम्त्याउँछ । यसले व्यक्तिको जीवन, पेशा, परिवार तथा समाजमा विभिन्न रुपले असर अप्रत्यक्ष वा प्रत्यक्ष पार्छ । यो समस्या जहाँसुकै र जो कोहीलाई पनि हुनसक्छ । कुनै लिङ्ग, उमेर, जातजाति यसले चिन्दैन । निन्द्रामा झस्कने वा तर्सने, आक्रामक व्यवहार देखाउने, मनमा डर लागिरहने, अरूसँग घुलमिल हुन मन नलाग्ने, लागूपदार्थ दुर्व्यशन, बढी झर्कने आदि केही मनोसामाजिक समस्याहरु हुन् ।

थकान, रिङ्गटा लाग्ने, जीउ दुख्ने र पीडा हुने, छिटोछिटो सास फेर्नु, शरीरमा शक्ति नभएको जस्तो हुने, भोक नलाग्ने, झाडापखाला लाग्ने, जोर्नी दुख्ने, पेट वा टाउको दुख्ने, दुब्लाउने, निन्द्रामा गडबढी हुने, मुटु काम्ने जस्ता मनोसामाजिक समस्याका शारीरिक लक्षण हुन् । मनमा छट्पटी हुने, आत्तिने, मुड परिवर्तन भइरहने, उत्प्रेरणाको कमि हुने, आत्मविश्वासको कमि हुने, रुन मन लाग्ने, निराशावादी हुने, एकदमै डरलाग्नु, मन चिसो हुने आदि भावनात्मक लक्षण हुन् । चिच्याउने, कराउने, आक्रमक देखिने, झर्कने, तर्सने, यौन इच्छामा कमि हुने, एक्लै बस्न रुचाउने, शंकालु हुने, आफैंसँग कुरा गर्ने, सरसफाइमा ध्यान नदिने, खानपिनमा गडबडी हुने आदि व्यवहारगत लक्षण हुन् ।

यस्तो समस्याबाट छुट्कारा पाउन आफूलाई के भइरहेको छ भनेर ध्यान दिने, आफ्नो शरीर र मनको मूल्याङ्कन आफैंले गर्ने, के होला भनेर जान्न खोज्ने । आफ्नो समस्या वा कठिनाई, मनका कुरा मन मिल्ने व्यक्ति वा विश्वास लाग्ने मान्छे नजिकको साथी, परिवारका सदस्यहरु, नातेदारसँग कुराकानी गर्न चिकित्सकहरु सुझाउँछन् । तर, यस्ता समस्या भएका व्यक्तिहरुलाई हाम्रो समाजमा विभेदपूर्ण व्यवहार भइरहेको अध्ययनले देखाएको छ । राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन (कोसिस)ले गरेको अध्ययनले यस्तो देखाएको हो । मनोसामाजिक समस्या भएकाहरुलाई अरुले कहिल्यै दुर्व्यवहार र भेदभाव गर्नु हुँदैन । उनीहरु स्वयम्ले पनि आफू व्यस्त रहने, मनोरञ्जनात्मक क्रियाकलापहरु गर्ने, फिल्म हेर्ने, विभिन्न खेल खेल्ने, मिठो परिकारहरु बनाउने, विभिन्न किसिमका योगाभ्यास, ध्यान गर्ने, सकभर एक्लै नबस्ने र समूहमा घुलमिल हुने, सकारात्मक वा सबल पक्षका सीप, कला, ज्ञानसँग सम्बन्धित क्रियाकलापहरु गर्ने, मनोविमर्शकर्तालाई भेटेर समस्याबारे सहयोग लिएर पहिलाकै अवस्थामा पुग्न सक्ने सुझाव चिकित्सकहरुले दिइरहेका छन् । यसलाई पूर्णरुपमा पालना गरेर स्वस्थ्य नागरिक बनाउने अभियानमा सबैले सहयोग गर्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन २९ गते सोमबार १३ मार्च २०२३ । षष्ठी चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:१८, सूर्यास्त ६:१०।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सकारात्मक सोचाइ रहनेछ | तुला | : कार्यभार र व्यस्तता बढ्नेछ |
| वृष | : दया मायाका कार्य हुनेछन् | वृश्चिक | : व्यापार-व्यवसाय सामान्य रहनेछ |
| मिथुन | : धार्मिक आस्था बढ्नेछ | धनु | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |
| कर्कट | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ | मकर | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |
| सिंह | : अधिक परिश्रम गर्नु पर्नेछ | कुम्भ | : शुभ समाचार मिल्नेछ |
| कन्या | : मेहनतको फल पाइनेछ | मीन | : व्यापार लाभप्रद रहनेछ |

# समाजवादको राजनीतिक मार्गचित्र



**विशाल चालिसे**

नेपालको संविधानले अर्थतन्त्रको आधार भूत ढाँचा समाजवाद-उन्मुख हुने भनी किटान गरेको त छ, तर त्यो समाजवादको परिभाषा के र प्रारूप कस्तो हुने भन्ने प्रस्ट छैन ।

बरु संविधानले नै राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता आवश्यक रहेको औंल्याएर उत्पादनको साधनमा राज्यको पूर्ण नियन्त्रण हुने पुरातनवादी समाजवादको परिभाषालाई अस्वीकार गरेको छ । अर्थतन्त्रको यस्तो आधारभूत तस्बिर आउन नसक्नुको कारक दुई मुख्य राजनीतिक दलको आर्थिक नीतिको अभ्यासमा अन्तर्निहित विरोधाभास हो ।

वैचारिक रूपमा नेपाली अर्थतन्त्रको पृथक् खाकाको नेतृत्व गर्ने शक्ति भनेका नेपाली कांग्रेस र नेकपा एमाले हुन् । अरू दलले भन्ने गरेको आर्थिक विचारको प्रतिनिधित्व यिनै दुई धारले गर्छन् । यी दुई दलले समाजवादलाई आर्थिक व्यवस्थाको मार्गदर्शक सिद्धान्त माने पनि एउटाले दायाँ र अर्कोले बायाँ हेरेको अवस्था छ । तर भिन्नता विषयको सारमा, कम राजनीतिक कथ्यमा बढी छ ।

कांग्रेसले लोकतान्त्रिक समाजवादलाई आफ्नो आर्थिक नीतिको मूल आधार मानेको छ । यो संस्करणको समाजवादको जरो बीपी कोइरालाको 'हरेक परिवारको स्वामित्वमा एक हल गोरु, एउटा दुहुनो गाई' भन्ने चर्चित चित्रणसम्म पुग्छ । बीपी आफैंले त्यसको सैद्धान्तीकरण नगर्नुभएकाले सबैले आआफ्नो तरिकाले व्याख्या गरेको पाइन्छ । प्रारूपमा उहाँको विचार महात्मा गान्धीको स्वराज र स्वदेशी अन्तर्गतको ग्रामीण उत्पादन र आत्मनिर्भरताको विचारधारासँग मिल्दोजुल्दो देखिन्छ, तर त्यस कालखण्डपछि विश्वले अवलम्बन गरेको र कांग्रेसले पनि पछ्याएको उदार अर्थराजनीति मोडलसँग मेल खाँदैन ।

सायद त्यही भएर कांग्रेसको पछिल्लो राजनीतिक प्रतिवेदनमा बीपीको उद्धरणलाई अलिकति तोडमरोड गरेर गाई र हल गोरुको उदाहरण उत्पादनको साधनका रूपमा दिइएको र अहिलेका सन्दर्भमा उक्त स्थान 'खेतबारीमा ट्याक्टर र हातहातमा मोबाइल फोन' ले लिन सक्ने भनिएको छ । यो व्याख्यालाई बीपीको समाजवादी चित्रणलाई बोक्न पनि नसक्ने र राजनीतिक रूपमा छोड्न पनि नसक्ने कांग्रेसको बाध्यताको उपज मान्न सकिन्छ । हालको कांग्रेसको समाजवादी मोडलले आवश्यक क्षेत्रमा राज्यको हस्तक्षेपकारी भूमिका र निजी क्षेत्रको अस्तित्व स्विकारेको छ, सामाजिक न्यायसहितको आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य राखेको छ ।

एमालेको सैद्धान्तिक आधार मदन भण्डारीको जनताको बहुदलीय जनवाद अर्थात् जबज हो । जबजले जसरी जनवादी विचारधारालाई बहुदलीय प्रजातान्त्रिक पद्धतिसँग मिलान गरेर जबरजस्त राजनीतिक नवप्रवर्तन गरेको थियो, सोही स्तरमा अर्थतन्त्रको मौलिक खाका भने प्रस्तुत गरेको पाइँदैनह बरु 'प्रत्येक विशिष्ट स्थितिलाई ख्याल राख्दै ठोस रूपमा कार्यक्रम अघि सारी सञ्चालन गरिनेछ' भनेर आर्थिक खाकामा थप विचारविमर्श आवश्यक रहेको सन्देश दिएको छ । तथापि यसले नेपाली अर्थव्यवस्था 'मिश्रित' रहेको जसमा 'राज्यको अग्रणी भूमिका रहने' तथा 'देशको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गरिने' कुरा उल्लेख छ ।

एमालेको पछिल्लो राजनीतिक प्रतिवेदनले भने समाजवादलाई रणनीतिक लक्ष्य मानेको छ, समाजवाद निर्माणको आफ्नै विशिष्ट बाटो पहिल्याउनुपर्ने भनी स्विकारेको छ । साथै समाजवाद-उन्मुख अर्थव्यवस्थाको परिभाषामा 'लोककल्याणकारी चरित्रको खुला प्रतिस्पर्धी एवं आर्थिक-सामाजिक न्याय र समानतालाई आत्मसात् गरेको व्यवस्था' भनिएको छ । यति हुँदाहुँदै पनि निजी क्षेत्रप्रति त्यो जबजभन्दा पनि अलि कम उदार देखिन्छ । बरु अर्थतन्त्रलाई चाहिने पुँजी सञ्चयदेखि उत्पादन र वितरणसम्ममा सहकारीको प्रमुख भूमिका रहने कल्पना गरेको छ ।

यी त भए सिद्धान्तका कुरा, अब दुई दलले गरेको अभ्यासको विश्लेषण गरौं ।

२०४७ सालको व्यवस्था परिवर्तन पूर्वको आर्थिक सोचाइ र संरचना बजारको खुलापनलाई नियन्त्रण गर्न सकिन्छ र गर्नुपर्छ भन्ने थियो । त्यो सोचाइ गलत दृष्टिकोण थियो भनी पञ्चायतकै बेला महसुस भइसकेको थियो । चुनावपश्चात् सरकारमा आएपछि कांग्रेसले आर्थिक उदारीकरण त्यसमाथि पनि निजीकरणलाई तीव्रताका साथ अगाडि बढायो । यो राजनीतिक परिवर्तनपछि बहुमतप्राप्त सरकारले लिएको प्रमुख आर्थिक नीति थियो जसको असर अर्थतन्त्र र समाजमा व्यापक रूपमा पऱ्यो । तर यस्तो बृहत्तर असर पार्ने राष्ट्रिय नीति अंगीकार गर्दा प्रमुख विपक्षी दल एमालेलाई त विश्वासमा लिइएन नै, सर्वसाधारणलाई पनि उक्त नीतिको औचित्य बुझाउन अनि अल्पकालीन र दीर्घकालीन असर बारे सुसूचित गर्न आवश्यक ठानिएन ।

त्यसको जवाफ एमालेले तीन तरिकाले दियो । पहिलो, श्रमिक संगठनको परिचालनमार्फत संस्थाको तहमा उदारीकरणको नीतिको खुला विरोध गऱ्यो । दोस्रो, राजनीतिक रूपमा 'कांग्रेसले देशका कलकारखाना र सम्पत्ति बेच्यो' भनी व्यापक प्रचारप्रसार गरियो । तेस्रो र सायद सबैभन्दा महत्वपूर्ण, कांग्रेसको एकमना आर्थिक वृद्धिको विकल्पमा सामाजिक न्यायको एजेन्डालाई अगाडि साऱ्यो । त्यसको नीतिगत कार्यान्वयन २०५१ सालमा चुनाव जितेर सरकार बनाउनेबित्तिकै वृद्धभत्ता र 'आफ्नो गाउँ आफैं बनाऔं' कार्यक्रमबाट गऱ्यो । यसबाट निजीकरणको गति त मत्थर भयो नै, यी कार्यक्रम जनमानसमा गहिरो छाप छोड्न पनि सफल भए जुन अद्यापि छ ।

त्यसबाट कांग्रेस भने नराम्रोसँग झस्कियो । ऊ पनि सामाजिक सुरक्षा विस्तार गर्नमा एमालेको प्रतिस्पर्धामा उत्रियो । 'गरिबसँग विश्वेश्वर कार्यक्रम' होस् वा वृद्धभत्ता पाउने उमेर घटाउने अग्रसरता, यसको कारण त्यही हो । पछिल्लोचोटि जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको कार्यक्रमलाई दुइटै दलले आफ्नो काम भनेर जस लिन खोज्नु त्यही प्रतिस्पर्धाको परिणाम हो । समयक्रममा एमालेमा पनि सत्तापक्ष भएपछि अर्थतन्त्रको बुझाइमा परिपक्वता आएको देखिन्छ । यदि देशको अर्थतन्त्रलाई सबल बनाउनु छ भने पुँजीलाई 'खुसी' राख्नुपर्ने वास्तविकतालाई बुझ्दै गएको भान हुन्छ । खुला रूपले नस्विकारे पनि पुँजीसँग उसको निकटता जगजाहेर छ । पछिल्लो समय औद्योगिक श्रम सम्बन्ध अलि व्यवस्थित र खुकुलो बन्नुको कारण त्यही हो ।

यसरी हेर्दा एमालेले पुँजीको महत्व कांग्रेसबाट सिकेजस्तो देखिन्छ भने नेपालमा राजनीति गर्न गरिबका मुद्दामा ध्यान दिन कांग्रेसलाई एमालेले प्रेरित गरेको बुझिन्छ । तर खुलेर यो कुरा स्वीकार गर्न नसक्दा पुँजी र सामाजिक न्यायको सन्तुलन बिग्रिएको छ ।

एकातिर दलहरूले लिएको आर्थिक नीति खुला बजारमुखीभन्दा पनि व्यापारीमुखी छ । पुँजीलाई दिइएको सुविधा बजारतिरभन्दा पनि व्यवसायीतिर लक्षित छ । त्यसभित्र पनि ठूलो पुँजीले ठूलै भाग पाएको छ । सत्तासँगको सामीप्य र दलहरूलाई सघाउन सक्ने क्षमताले गर्दा ठूलो पुँजीले पाउने फाइदा पनि सानो पुँजीको भन्दा ठूलो भएको हो । तर ठूलामध्ये पनि प्रतिफलमा समान बाँडफाँट छैन । दुई दलका पछाडि लाग्ने पुँजीमा पनि कित्ताकाट छ ।

अर्कातिर, सामाजिक सुरक्षाको खर्च देशको अर्थतन्त्रले धान्ने सीमाभन्दा बाहिर गइरहेको छ । दलहरूमा सामाजिक सुरक्षाको दायरा विस्तार गर्न प्रतिस्पर्धा छ । ब्याजमा अनुदान वा ऋण र प्रधानमन्त्री रोजगार कार्यक्रम सबै त्यही प्रतिस्पर्धाका उपज हुन् । यो बेथिति प्रदेश र स्थानीय तहमा पनि विस्तार भएको छ । विद्यार्थीलाई साइकल, सुत्केरीलाई कुखुरा र अण्डादेखि अन्तरजातीय विवाहमा भत्ता बाँड्ने कार्यक्रमसम्म त्यसैका निरन्तरता हुन् । हामी वैदेशिक ऋण लिएर सामाजिक सुरक्षाका कार्यक्रम चलाइराखेका छौं । यो दिगो तरिका होइन । यी कार्यक्रमलाई नेपालको अर्थतन्त्रले धान्दैन । त्यसैले यसलाई अत्यावश्यक क्षेत्र र समूहमा सीमित राखी सुव्यवस्थित गर्न जरुरी भइसकेको छ ।

तर पुँजीको महत्त्व र सामाजिक सुरक्षाको समस्या स्विकार्न गाह्रो छ । किनभने व्यवहारमा जस्तो भए पनि दलहरूले समाजवाद र वर्ग संघर्षलाई आफ्नो राजनीतिक मूलमन्त्र मान्दै आएका छन् । त्यसमाथि पनि एउटाले लिएको आर्थिक सुधारको पहललाई अर्कोले राजनीतिक हतियार बनाउने हो कि भनेर त्रस्त हुनुपर्ने अवस्था छ । जस्तो- आजको दिनसम्म पनि कांग्रेस न पूर्ण रूपमा आफ्नो आर्थिक उदारीकरणको नीतिबाट पन्छिन सकेको छ न त खुला रूपमा त्यसको बचाउमा उत्रिन । यो गहिरोसँग गढेको खीलजस्तो भएको छ । यही स्वीकार्यता र अस्वीकार्यतामै हाम्रो आर्थिक विकासको यात्रा अड्किएको छ । यसलाई सुल्झाउन समाजवादको राजनीतिक मार्गचित्र आवश्यक छ । यसका लागि कांग्रेस र एमालेबीच संवाद आवश्यक छ । राजनीतिक संवादकला दुइटै पार्टीमा छ जुन हामीले संविधान निर्माण र जारी गर्ने बेला देखिसक्यौं । यस्तो संवादमार्फत 'खेलका तीन आधारभूत नियम' मा सहमति गर्न जरुरी हुन्छ ।

पहिलो, आधुनिक अर्थतन्त्रको बृहत् खाकामा सहमति । आधुनिक अर्थतन्त्रमा पुँजीलाई रिझाउने लामो तर सही बाटो भनेको निरन्तरको आर्थिक वृद्धि गरी पुँजीलाई पर्याप्त प्रतिफल दिनु हो । नेपालका लागि प्रतिफल धेरै आउने क्षेत्र कुन हो ? पहाडमा फलफूल लगाउने कि तराईमा अन्न ? कृषिको आधुनिकीकरण र यान्त्रिकीकरण गर्न भूमि कहाँ खाली गराउने, मानिसलाई कहाँ बसाउनेरु? राज्यले औद्योगिक नीतिमार्फत कुन क्षेत्रलाई प्राथमिकता दिने ? युवालाई के पढाउने, कस्तो तालिम दिने ? श्रमिक सम्बन्धमा कति लचिलो हुने, वातावरणमा कति कसिलो हुने ? यी प्रतिनिधि विषय हुन् ।

दोस्रो, गरिबी निवारणको रणनीतिमा सहमति । समाजवादमा गरिबीको स्थान हुन सक्दैन, हुनु हुँदैन । गरिबी निवारणको पहिलो औजार आर्थिक वृद्धि नै हो, जसका कारण रोजगारी सृजना भई सामान्य मानिसको आम्दानी बढ्छ र आर्थिक-सामाजिक विकासमा टेवा पुग्छ । रोजगारी सृजना सरकारले गर्न सक्दैन, गर्नु पनि हुँदैनह बजारले प्रभावकारी रूपमा गर्छ । तर सत्य के पनि हो भने, आर्थिक वृद्धिको चक्र चरणबद्ध हुन्छ । अर्थात्, यसले केहीलाई अरूभन्दा पहिले धनी बनाउँछ । यस्तोमा केही समूह वा क्षेत्रले आर्थिक वृद्धिको लाभांश तुरुन्तै लिन सक्दैनन् । यसका लागि सीधै आर्थिक वृद्धिद्वारा सृजित अतिरिक्त मूल्यको पुनर्वितरण कसरी गर्ने भन्ने रणनीति आवश्यक हुन्छ । यस्तो रणनीतिलाई राजनीतिबाट टाढा राख्नुपर्छ । जस्तो- के सामाजिक सुरक्षा भत्तालाई सरकारपिच्छे फरक गर्नुभन्दा मुद्रास्फीतिसँग जोडेर सूत्रका रूपमा बढ्ने प्रणाली अपनाउन सकिन्छ ?

तेस्रो सर्त हो- सुशासनको न्यूनतम मानक निर्धारणमा सहमति । सुशासनको प्रत्याभूतिले अर्थतन्त्रमा जोखिम कम गर्छ र लागत घटाई व्यापार फस्टाउन सहयोग गर्छ । सुशासनका पेचिला विषयमा सहमति आवश्यक हुन्छ । जस्तो- के चुनावी अभियानका लागि उठाउने चन्दालाई कानुन बनाएर पारदर्शी रूपमा वैधानिक-व्यवस्थित तुल्याउन सकिन्छ ?

यस्तो संवाद सम्भव किन छ भने, कांग्रेसको लोकतान्त्रिक समाजवाद र एमालेको लोककल्याणकारी समाजवादभित्र समानता धेरै र भिन्नता कम छन् । जस्तो अर्थतन्त्रमा राज्यको हस्तक्षेप आवश्यक छ भन्नेमा दुवै सहमत छन् । फरक भनेको त्यसको प्रकृति र मात्रामा हो जुन आ-आफ्नो राजनीतिक विचारधारा र रणनीति अनुरूप आफू सरकारमा हुँदा तय गर्न सक्छन् । अर्को शब्दमा, नेपाली समाजवादको चरित्रमा न्यूनतम सहमति गरे पनि दलहरूलाई आफ्नो विशिष्ट राजनीतिक पहिचान कायम गर्ने प्रशस्त स्थान रहन्छ । सायद एमालेले अघि सारेको 'समृद्ध नेपाल सुखी नेपाली' को नारा र कांग्रेसले ल्याएको 'समुन्नत नेपाल सम्मानित नेपाली' को नाराको संयुक्त व्याख्या समाजवाद-उन्मुख संवादको प्रस्थानविन्दु हुन सक्छ ।

*(साभार: ई-कान्तिपुर)*

# द्वन्द्वपीडितलाई न्याय: फेरि झुक्याउने खेल नहोस् !

**सुमन अधिकारी**

न्याय प्रक्रियामा यो वा त्यो बहानामा ढिलाइ गरेर पीडितलाई थकाउने र पीडकलाई उन्मुक्ति दिलाउने द्वन्द्वरत पक्षहरूको रणनीतिका कारण शान्ति सम्झौता सम्पन्न भएको १६ वर्ष र सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको ८ वर्ष व्यतित भइसक्दा समेत एक जना द्वन्द्वपीडितले पनि न्यायको अनुभूति गर्न पाएनन्।

सत्तासुखमा रमाएका राजनीतिक दलहरू द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको निष्पक्ष सत्यतथ्य छानविन गर्ने र पीडितलाई न्याय र परिपूरण प्रत्याभूत गराउने शान्ति सम्झौताको प्रतिवद्धता एवं राज्यको दायित्वप्रति १६/१६ वर्षसम्म कुनै दिन पनि इमान्दार भएनन्। आफ्ना नागरिकमाथि परेको पीडा र अन्यायको तत्काल सम्बोधन गर्नु साटो त्यही पीडा र आँसुमाथि सत्ताको फुटबल खेल्ने, सत्ता हातमा भएपछि जेजति गैरजिम्मेवार भए पनि हुन्छ, जति लम्ब्याए पनि हुन्छ भन्ने मानसिकताका कारण संक्रमणकालीन न्याय जटिल बन्दै गयो।

द्वन्द्वकालमा बढीभन्दा बढी मानवीय तथा भौतिक क्षति गर्ने प्रतिस्पर्धामा तत्कालीन राज्य र विद्रोही पक्ष उत्रेका थिए। सशस्त्र द्वन्द्वको नाममा गम्भीर मानवअधिकार उल्लंघनको आरम्भ गरेको माओवादीलाई राज्य पक्षभन्दा आफूले संख्यात्मक रुपमा कम मानवअधिकार उल्लंघन गरेको देखाउन परेको छ। त्यसैले त माओवादी सुप्रिमो दाहालले द्वन्द्वका नाममा मारिएका १७ हजारमध्ये आफूले त ५ हजार मात्र, राज्य पक्षले भन्दा निकै कम नागरिकको हत्या गरेको दावी गरे। शान्ति सम्झौता भएपछि र सबैलाई समान व्यवहार गर्ने भन्ने भएपछि कसले कति गर्यो भनेर दाँज्नुको के अर्थ ?

५ हजार नागरिकको हत्याको जिम्मा लिने दाहालको अभिव्यक्ति अनुरुप उनलाई पक्राउ गरी अनुसन्धान गर्नुपर्ने रिट सर्वोच्च अदालतमा दर्ता भएपछि रिटलाई कमजोर पार्न सरकारले हतारहतारमा संघीय संसदमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक दर्ता गराएको छ ।

दाहाल विरुद्धको रिटले छिन्नभिन्न भएका माओवादी एकत्रित भए र फेरि अदालत र पीडितको न्यायलाई थर्काउने र विष बमन गर्ने काम गरेर आफ्नो असलियत स्पष्ट पारे । १६ वर्षदेखि द्वन्द्वरत पक्षले न्यायको बाटो नै बन्द गर्न खोजेपछि र पीडितले न्यायको कुनै बाटो नपाएपछि सर्वोच्चमा उक्त रिट दर्ता गर्न बाध्य भएका हुन् । सर्वोच्चमा दर्ता रिटले सरकार र दलहरूलाई पीडितको पीडा र न्यायामाथि थप खेलवाड र ढिलाइ नगर्न अन्यथा परिणाम गम्भीर हुने सन्देश दिएको छ ।

द्वन्द्वपीडित लागायतका सरोकार वालाहरूसँग गरिएको परामर्शलाई रणनीतिक रुपमा प्रयोग गर्दै सरकारले गोप्य रुपमा बनाएर गत २०७९ असारमा संसदमा दर्ता गरेको विधेयकमाथि पीडित लगायतका सरोकारवालाहरूको व्यापक विरोध थियो । विधेयकका विवादास्पद प्रावधानहरूलाई नसच्याई एवं सरोकारवालासँग छलफल नै नगरी उक्त विधेयक टेबल गरिएको छ ।

गाह्रोसाह्रो नपरिन्जेल समय हुँदा खेल मात्र खेलेर बस्ने र अल्मल्याउने अनि अप्ठ्यारो परेपछि हतारहतारमा केके न गरेझैं गर्ने हाम्रो सरकारको नियत छ । सरकारले हतारमा पेस गरेको विधेयकमा उनै आपत्तिजनक प्रावधान विद्यमान छन्, २/३ बुँदामात्र संशोधन गरिएको छ ।

विधेयकमा परिपूरणलाई पीडितको अधिकारको व्यवस्था, प्रारम्भिक अनुसन्धानपछि पीडितलाई अन्तरिम राहत प्रदान गर्ने, बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले सम्पत्तिमाथिको नागरिक अधिकार, मृत्यु भएका व्यक्तिको परिवारकै सरह पाउने, मानवअधिकार उल्लंघनको प्रबृत्ति, प्रकृति, द्वन्द्वको प्रभाव अध्ययन गर्ने संस्थागत सुधार तथा भेटिङको लागि सिफारिस गर्ने, अन्यायमा परेका सुरक्षा निकायसँग सम्बन्धित पीडित एवं शान्ति सम्झौतापश्चात् बम बिस्फोटमा परी पीडित हुन पुगेका नागरिकहरूको सवाल समावेश छन् । परिपूरणलाई अधिकारको रुपमा उल्लेख गरिए पनि ऐनका अन्य प्रावधान यथावत छन् ।

सरोकारवालाहरूको सहकार्यलाई सरकारले बेवास्ता गर्न खोजेको अनि संक्रमणकालीन न्यायको सवाल फेरी पनि सिसिपसको कथाजस्तो हुने र समाधानको साटो बल्झिरहने हो कि भन्ने आशंका छाएको छ । यसअघि पेस गरिएको विधेयकमा द्वन्द्वकालीन मुद्दामा विशेष अदालतले गरेको निर्णय नै अन्तिम हुने र पुनरावेदन नलाग्ने व्यवस्था गरिएको थियो । अहिले विशेषको निर्णय उपर चित्त नबुझे ३५ दिन भित्र सर्वोच्च अदालतमा ३ जना न्यायाधीश रहने संक्रमणकालीन न्यायसम्बन्धी विशेष इजालासमा पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको छ ।

आयोगवाट सिफारिस भएर आएपछि द्वन्द्वकालीन घटनामा महान्यायाधिवक्ता वा निजबाट अधिकार प्राप्त सरकारी वकिलले मुद्दा चलाउने निर्णय गर्ने समयावधि ६ महिनाबाट १ वर्ष गरिएको छ । आयोगको कार्य अवधि २ वर्ष राखिएको छ । पीडित समुदाय त वर्ष होइन महिनामै आयोगको काम सम्पन्न होस् भन्ने चाहन्छौं । तर धोका दिने दिने विगतको अभ्यास र ८/८ वर्षसम्म एउटा पनि उजुरीको सत्यतथ्य छानविन र उजागर नगरिएको पृष्ठभूमिमा २ वर्षमा कार्य सम्पन्न गर्ने आधार, संरचना, एकाई, विज्ञ, जनशक्ति तथा सहकार्य के हुने भन्ने सम्बन्धमा केही बोलेको छैन ।

आयोगले गर्ने मानवअधिकार हनन् अनुसन्धानबाट प्रमाण संकलन नगन्य हुने भएकाले आयोग भित्रै विशेष अनुसन्धान एकाई राख्नुपर्छ । आयोगले गरेको छानविन उपर महान्यायाधिवक्ताले थप आवश्यक अनुसान्धान गर्नुपर्ने हुन सक्छ। थप अनुसन्धान गर्नुपर्ने अवस्थामा १ वर्षभित्र मुद्दा चलाउने निर्णय गर्न नसकिने अवस्था आउने सक्ने भएकोले थप अनुसन्धान गर्नुपर्ने मुद्दाको हकमा थप समयको व्यवस्था गर्नुपर्छ ।

मुल ढोका नै गरेपछि भित्र जतिसुकै फराकिलो ढोका राखे पनि अर्थ रहँदैन । पीडित, मानवअधिकार आयोग, मानवअधिकार समुदाय एवं अन्तर्राष्ट्रिय समुदायले गम्भीर आपत्ति जनाएको अपराधको वर्गीकरणमा कुनै संशोधन नगरिनु आपत्तिजनक छ । मानवअधिकारको गम्भीर उल्लैन अन्तर्गत यसअघिको क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य, अमानवीय वा क्रुरतापूर्वक दिएको यातना प्रावधान यथावत् राखिएको छ । विधेयकमा मानवअधिकारको गम्भीर उल्लंघनको वर्गीकरणको सूची उपर द्वन्द्वपीडित समुदायले गम्भीर असहमति जनाउँदै तत्काल संशोधन गर्न निरन्तर माग गर्दै आएको छ । त्यसमा संशोधन गर्नमा सरकार तयार समेत भएको थियो । हत्या, अङ्गभङ्ग वा अपाङ्ग बनाउने जस्ता अपराधलाई समेत मेलमिलाप र क्षमादान हुने सूची अन्तर्गत राखिएकोप्रति गम्भीर आपत्ति रहेको छ। मानवअधिकार गम्भीर उल्लैनको दायरालाई निकै साँघुरो पारेर कैयौ गम्भीर प्रकृतिलाई उल्लंघनलाई समेत जबर्जस्ती अन्य उल्लंघनमा राखेर जबर्जस्ती उन्मुक्ति दिन खोजिएको छ ।

हत्या जस्तो अपराधलाई सामान्य र गम्भीर भनेर वर्गीकरण कसरी हुन सक्छ ? त्यसको आधार के हो ? कसले गर्छ ? तर अहिले एकाएक उही विवादास्पद प्रावधन राखेर फेरि झुक्याउन खोजेको देखिएको छ। विधेयकमा पीडकलाई प्रचलित कानुन बमोजिम दण्डसजाय गर्ने कुरा लेखिएको छ। तर द्वन्द्वकालमा घटेका यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी अपराधहरू अपराधको रूपमा परिभाषित थिएनन् । २०७४ मा कार्यान्वयनमा आएको कानुन प्रभाव नहुने व्यवस्था रहेको विद्यमान मुलुकी संहिता बमोजिम द्वन्द्वकालीन घटनामा अभियोजन हुनसक्ने नै देखिन्न ।

विधेयकका त्रुटिपूर्ण, पीडकलाई उन्मुक्ति दिने, सर्वोच्च अदालतको परमादेश विपरीत र परामर्शवाट आएका सुझावहरू समेत नसमेटिने गरी दलीय सहमतिमा राखिएका प्रावधानहरू तत्काल संशोधन गर्नुपर्छ । विश्वसनीय र पारदर्शी प्रक्रियाद्वारा उक्त समस्या समाधान गर्न सक्ने, योग्यता, क्षमता र स्पस्ट कार्ययोजना भएका, न्यायिक मन भएका, दबाब सामु नझुक्ने, सही र गलत खुट्याउन सक्ने क्षमता भएका व्यक्तिहरू छनोट गरी आयोग गठन गर्नुपर्छ । पीडकलाई होइन, पीडित समुदायलाई केन्द्रमा राखेर पीडित लगायत सम्पूर्ण सरोकारवालाहरूको विश्वास र सहाकार्यमा संक्रमणकालीन न्यायलाई सफल निष्कर्षमा पुर्या उन सरकार र राजनीतिक दलले अब त चेत्नुपर्छ। पीडामाथि स्वार्थको खेल बन्द गर्नुपर्छ अनि इमान्दार र विश्वसनीय प्रक्रिया अँगाल्नुपर्छ, अन्यथा न्यायका अन्य बाटोहरू अँगाल्न पीडित समुदाय बाध्य हुने कुरा सिद्ध भइसकेको छ ।

चेतना रहोस्, यो देश, राज्यको डाडु-पन्यु लिनेहरूको मात्र होइन, पीडित नागरिकको समेत न्याय पाउने र स्वाभिमानपूर्वक बाँच्ने अधिकार छ । सरकारले त्यो अधिकार अतिक्रमण नगरोस् । *(साभार: नेपाल लाइभ)*

# उपत्यकाका अधिकांश क्याम्पसमा नेविसंघको बागी उम्मेदवार



काठमाडौं/स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि सत्तारुढ दलका विद्यार्थी संगठनले काठमाडौंका तीन जिल्लामा मात्रै तालमेल गरेका छन् ।

काठमाडौं, ललितपुर र भक्तपुरका क्याम्पसमा कांग्रेसको नेपाल विद्यार्थी संगठन, माओवादीको अखिल क्रान्तिकारी र नेकपा एकीकृत समाजवादीको अनेरास्ववियूले तालमेल गर्ने निर्णय अनुसार भागवण्डा गरिएको छ ।

अन्य जिल्लामा तालमेलको निर्णय हुन नसकेको नेविसंघका पूर्व अध्यक्ष रञ्जित कर्णले जानकारी दिए । तालमेल गर्दा अध्यक्ष लिएको स्थानमा सचिव र कोषाध्यक्ष अर्को संगठनबाट उम्मेदवार हुने मापदण्ड बनाइएको छ ।

कर्णका अनुसार नेविसंघले १५ क्याम्पसमा अध्यक्षमा उम्मेदवारी दिएको छ । अखिल क्रान्तिकारीले १० र अनेरास्ववियूले ३ क्याम्पसको सभापति उठाउने सहमति बनेको छ । तालमेल गर्दा विगतमा जितेको आधार र संगठनको बललाई आधार बनाइएको कर्णले बताए ।

नेविसंघले त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस, पद्मकन्या, शंकरदेव, पब्लिक युथ, नेपाल कमर्श क्याम्पस, मीनभवन, महाराजगञ्ज चिकित्सा क्याम्पस, पशुपति, पाटन, आयुर्वेद क्याम्पस, जनप्रशासन, ग्रामीण आदर्श, कोटेश्वर, भक्तपुर बहुमुखी, केआईसी कालिमाटी, शिक्षा क्याम्पस, विश्वभाषा क्याम्पसको सभापति पाएको छ ।

त्रिचन्द्र नेविसंघको भागमा परेपनि मतदाताका विषयमा विवाद भएपछि चैत ५ मा भने उक्त क्याम्पसमा स्ववियु निर्वाचन नहुने भएको छ ।

माओवादी केन्द्रको अनेरास्ववियु क्रान्तिकारीले नेपाल ल, सरस्वती, पुल्चोक इन्जिनियरिङ, थापाथली इन्जिनियरिङ, सानोठीमी, एनआर कलेज ,नेशनल इन्जिनियरिङ, हिमालयन इन्जिनियरिङ क्याम्पस लगायतमा सभापति पाएको छ । नेकपा एकीकृत समाजवादीको अनेरास्ववियूले रत्न राज्यलक्ष्मी, महेन्द्र रत्न ताहाचल र बानेश्वर क्याम्पसमा सभापति पाएको छ ।

टिकट वितरणमा असन्तुष्टि जनाउँदै नेविसंघले सभापति पाएका ठाउँहरुमा नेविसंघकै अर्को समूहले बागी उठाएको छ । संस्थापन पक्षले श्यामराज ओझालाई केन्द्रीय क्याम्पसमा सभापतिको उम्मेदवारको टिकट दिएपछि विष्णु बडेलाले पनि उम्मेदवारी दिएका छन् । संस्थापनइतरको समर्थनमा बडेला सभापतिको उम्मेदवार बनेका हुन् ।

जनप्रशासन क्याम्पसमा संघका अध्यक्ष दुजाङ शेर्पाले श्याम पाण्डेलाई टिकट दिएपछि शिशिर पाण्डेले बागी उम्मेदवारी दिएका छन् । नेपाल ल क्याम्पस क्रान्तिकारीको भागमा परेपछि नेविसंघ निकटका मोहम्मद माजिद परवेजले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

शंकरदेवमा सुशान्त सिंह बस्नेतले सभापतिको टिकट पाएका छन् । तर सुशील धामी नेविसंघको बागी उम्मेदवार बनेका छन् । शंकर देव नेविसंघको भागमा परेपनि माओवादी क्रान्तिकारीले समेत उम्मेदवारी दर्ता गएको छ । पब्लिक युथमा नविन पाण्डेले टिकट पाउँदा शोभा बस्ताकोटी बागी उम्मेदवार बनेकी छन् ।

नेविसंघको भागमा परेका क्याम्पसको उम्मेदवार चयन गर्न तीन जनाको समिति बनेको थियो । अध्यक्ष शेर्पा सहित शेखर-गगन पक्षबाट प्रेमिका रानामगर र विद्यार्थी नेता सिर्जना मल्ललाई टिकट वितरणको जिम्मेवारी दिइएको थियो । नेविसंघले सभापति उठाउने क्याम्पसमा अध्यक्ष शेर्पाले एकलौटी गरेको इतर पक्षको आरोप छ ।

पुल्चोक क्याम्पस, विश्वभाषा क्याम्पस, पाटन क्याम्पसमा शनिबार उम्मेदवारी दर्ता हुन सकेन । रत्न राज्यलक्ष्मी, नेपाल कमर्श क्याम्पस, बानेश्वर क्याम्पस, कोटेश्वर क्याम्पस, ग्रामीण आदर्श क्याम्पसमा विभिन्न संगठनको तालाबन्दी छ। वाल्मीकी विद्यापीठमा आइतबार उम्मेदवारी मनोनयनको कार्यक्रम छ ।

# उपराष्ट्रपति निर्वाचनमा गठबन्धनले जालझेल गर्न खोज्यो : अध्यक्ष ओली



काठमाडौं/नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले उपराष्ट्रपति निर्वाचनमा १० दलीय गठबन्धनले जालझेल गर्न खोजेको आरोप लगाएका छन् । शनिवार ललितपुरमा आयोजित अखिल नेपाल महिला संघ सातौं राष्ट्रिय सम्मेलन आयोजक कमिटीको चौथो विस्तारित बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्गको हुनुपर्ने संवैधानिक व्यवस्था भए पनि गठबन्धनले फरक समुदायको भनेर पुरुष नै उम्मेदवारी दिएर जालझेल गरेको बताएका हुन् ।

उनले भने - 'हामीले अहिलेको संविधानमा ३३ प्रतिशत महिला र धेरै ठाउँमा, ७५३ वटा पालिकामा अल्टरनेट गर्नुपर्ने प्रमुख/उपप्रमुख । यो गरेका छौं । सभामुख, उपसभामुखमा अल्टरनेट हुनुपर्ने । राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्षमा अल्टरनेट हुनुपर्ने । अब राष्ट्रपतिमा समस्या आइराखेको छ । राष्ट्रपति, उपराष्ट्रपति अल्टर नेट हुनुपर्ने कि नपर्ने भन्दा दश दलीय गठबन्धन जुन छ, त्यो त महिला विरोधी छ । स्थानीय तह निर्वाचनमा पनि उनीहरूले कानुन छले । त्यो कानुन छलेको कुरो कमसेकम राजनीति र राजनीतिक अनुहार फैसलामा नहेर्ने हाम्रा न्यायिक निकायहरू वा निर्वाचन आयोग भएको भए त्यो कुरा सदर हुन सक्दैनथ्यो । तर त्यस्तो भइदिएन । संविधानले एउटा, एउटा हुनै पर्ने भनेपछि नभएर हुन्छ ? गर्नै पर्छ नि । अब आजसम्म पनि दश दलीय गठबन्धन जालझेल गर्न खोजिराखेको छ । अर्को समुदाय भनेर । यसको मर्म अर्को समुदायसँग होइन खासमा । पुरुष हुन्छ भने महिला । महिला हुन्छ भने महिला हुन सक्थ्यो तर त्यो कुरा स्पष्ट भएन संविधानमा । महिला राष्ट्रपति भयो भने उपराष्ट्रपति महिला हुन नसक्ने भन्ने कुरा होइन । तर अहिलेको अवस्थामा त्यो सम्भव होइन कि जस्तो संवैधानिक व्यवस्था देखिन्छ ।'

अध्यक्ष ओलीले एमाले उम्मेदवार अष्टलक्ष्मी शाक्यसँग एक्लै लड्न नसकेर दश दलीय गठबन्धन बनाएका टिप्पणी गरे । उनले भने, 'उनीहरू किन एकजुट हुन्छन् भन्दा तिनीहरू एकैतिर बसेर पनि एकैतिर फर्केर पनि बसेका छैनन् । चारैतिर, दशतिर फर्केर बसेका छन् । यताबाट एमालेले हान्छ कि, यता बाट हान्छ कि ? त्रास छ क्या तिनीहरूलाई । कताबाट भ्याउँछ । हामीले अष्टलक्ष्मी शाक्यलाई उम्मेदवार बनाएका छौं । एउटा अष्टलक्ष्मी शाक्यसँग लड्न अब ९ पार्टीकोले पुगेन, आज फेरि अर्को थपियो । १० पार्टी बनाए, अष्टलक्ष्मी आउनुभयो, मार्‍यो । गाह्रो छ । आऊ भाइ हो सबै मिलेर लडौं भनेर । त्यहाँ जालझेल, प्रपञ्च अनेक प्रकारका छन् । अन्तिममा हामी एकातिर अरू एकातिर भएरै लडाइँ हुने हो । किनभने एक्लै लड्ने कुनै आँट गर्दैनन् । हामी एक समयको एउटा राष्ट्रपति, एक समयको एउटा प्रधानमन्त्री आवधिक कुरामा मात्रै हेरिराखेका छैनौं ।'

अध्यक्ष ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले दक्षिणपन्थको नाङ्गो दलाली गरेको बताए । दाहाल र नेपालले कम्युनिस्ट पार्टीका उम्मेदवारलाई राष्ट्रपति बन्न नदिएको उनले बताए ।

उनले भने - 'माधव नेपालले भर्खरै भाषण गरे । प्रचण्डजीले राष्ट्रपति मलाई हुनु भनेर प्रस्ताव गर्नुभएको थियो, मैले मानिनँ काँग्रेसलाई नै बनाउनुपर्छ भनेर मैले प्रस्ताव गरे भनेर उहाँले आफैंले भन्नुभएको छ । वामपन्थीले राष्ट्रपति जित्नु हुँदैन भनेर प्रचण्ड डाको छोडेर ठाउँ-ठाउँमा रोएको त तपाईंहरुले देख्नै भएको छ । डाको छोडेर रोएका छन् उनी । वामपन्थी राष्ट्रपति हुनै दिनु हुँदैन । देश खत्तम हुन्छ । माधव नेपालले भनेको सुन्नुभयो होला, एमालेको राष्ट्रपति भयो भने त देश ध्वस्त हुन्छ । यो नाङ्गो दक्षिणपन्थी र दक्षिणपन्थताको दलाली हो । भइरहेको वामपन्थी शक्ति आफ्नो पार्टी फुटाएर, ध्वस्त बनाएर, घरमा आगो लगाएर अनि त्यो खरानी पनि लगेर विरोधी, विपक्षीका पाउमा मैले घर डढाएर यति खरानी हजुरको पाउँमा चढाउन ल्याएको छु भनेर पाउमा चढाउन जाने जस्तो घिनलाग्दो कुरो अरू के हुन्छ ? त्यही गरे ।'

## उपराष्ट्रपतिमा ४ जनाको उम्मेदवारी, सत्ता गठबन्धनकै ३ जना



काठमाडौं/उपराष्ट्रपतिमा सत्तारुढ दलहरुकै गठबन्धनबाट ३ जना र एमालेको एक गरी ४ जनाको उम्मेदवारी परेको छ ।

सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी, नेपालबाट २ जना र जनमत पार्टीबाट १ गरी तीन जनाको उम्मेदवारी परेको हो । जसपाबाट जसपा संसदीय दलका नेता रामसहायप्रसाद यादव र प्रमिला यादवको उम्मेदवारी दर्ता भएको छ । प्रमिला यादवको प्रस्तावकमा रञ्जु झा, मृगेन्द्रकुमार सिंह यादव, नवलकिशोर शाह, दीपक कार्की, राजकिशोर यादव रहेका छन् ।

समर्थकमा अनिता देवकोटा, विमला सुवेदी, सीता गुरूङ, जयन्ती राई, मनिष सुमन रहेका छन् ।

त्यस्तै रामसहायप्रसाद यादवको प्रस्तावकमा जसपा नेता अशोककुमार राई, प्रदीप यादव, एकीकृत समाजवादीका किसान श्रेष्ठ, माओवादी केन्द्रका शक्ति बस्नेत र नेपाली कांग्रेसका रमेशजंग रायमाझी छन् । समर्थकमा जसपाकी रेखा यादव, अम्बिका काफ्ले, एकीकृत समाजवादीका प्रकाश ज्वाला, खिमलाल देवकोटा, भानुभक्त जोशी रहेका छन् ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसहितका सत्तारुढ गठबन्धनमै रहेको दल जनमत पार्टीकी नेता ममता झाले पनि उपराष्ट्रपति पदमा उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा जनमत पार्टीका अब्दुल खान, अनिता देवी, नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी, अविराम शर्मा, रुपाकुमारी यादव रहेका छन् । समर्थकमा गोमालाम सापकोटा, विनिताकुमारी सिंह, बसन्तकुमार कुशवाह, रामप्रकाश चौधरी, रानीकुमारी तिवारी रहेका छन् ।

यता नेकपा एमालेबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, छविलाल विश्वकर्मा, गोकर्ण बिष्ट, रघुवीर महासेठ छन् भने समर्थकमा कृष्णगोपाल श्रेष्ठ, महेश बर्तौला, तुलसा दाहाल, भगवती न्यौपाने, यशोदा रिजाल रहेका छन् ।

उपराष्ट्रपतिको निर्वाचन ३ चैतमा हुँदैछ ।

## रामसहायको उम्मेदवारीविरुद्ध एमाले र जनमतको उजुरी

काठमाडौं/नेकपा एमालेले र जनमत पार्टीले उपराष्ट्रपति पदका उम्मेदवार रामसहाय प्रसाद यादवविरुद्ध उजुरी दिएका छन् ।

संविधानले राष्ट्रपति र उपराष्ट्रपति फरक समुदाय वा लिंगबाट हुनुपर्ने व्यवस्था गरेको भन्दै एमाले जनमतले राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भइसकेपछि उपराष्ट्रपतिमा पुरुष उम्मेदवार हुन नसक्ने भन्दै उजुरी दिएको हो ।

एमाले सांसद महेशकुमार बर्तौलाले संघीय संसद भवनस्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतलाई उजुरी बुझाए ।

राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ को दफा १६(५) ले उपराष्ट्रपतिको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति निर्वाचित व्यक्ति जुन लिंग वा समुदायको हो सो भन्दा फरक लिंग वा समुदायको व्यक्ति मनोनयन गर्नुपर्ने व्यवस्था गरेको उजुरीमा उल्लेख छ । यस अनुसार उपराष्ट्रपतिमा पुरुषबाहेकका उम्मेदवार हुनुपर्ने भन्दै जसपा नेता रामसहाय प्रसाद यादवको उम्मेदवारी खारेज गर्न माग गरिएको छ ।

'नयाँ संविधानको व्यवस्था तथा आयोगको निर्णयविपरीत तथा विगतको दुबै निर्वाचनमा स्थापित अभ्यास र संविधानको व्यवस्थालाई बेवास्ता गरी श्री रामसहाय प्रसाद यादवको उम्मेदवारी परेकाले पुरुषबाहेक महिलाहरु अयोग्य र असक्षम हुन्छन् भन्ने मान्यतालाई बलपूर्वक स्थापित गर्ने हुँदा उल्लिखित संवैधानिक र कानुनी व्यवस्था तथा निर्वाचन आयोगको मिति २०७९/११/२६ को निर्णय र सो आधारमा जारी निर्देशनसमेतको विरुद्धमा हुँदा वहाँको उम्मेदवारी खारेज गरिपाउँ' उजुरीमा भनिएको छ ।

## 'झारफुकबाट उपचार' गर्ने क्रममा बालिकाको मृत्यु भएपछि १७ जना पक्राउ

रुपन्देही/रुपन्देहीको सैनामैना नगरपालिका वडा न १० बेमतेनीमा बिरामी बालिकालाई झारफुकबाट उपचार गर्ने भन्दै हत्या गरेको आरोपमा प्रहरीले १७ जनालाई पक्राउ गरी अनुसन्धान थालेको छ ।

कथित माताले झार फुकबाट उपचार गर्ने भन्दै कुटपिट गर्दा मृत्यु भएकी १४ वर्षीया बालिका सीता ज्ञवालीको हत्या आरोपमा प्रहरीले १७ जनालाई पक्राउ गरी अनुसन्धान सुरु गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीले शनिबार एक विज्ञप्ति जारी गर्दै घटनामा संलग्न झाँक्री सोनिया रेश्मी सहित सोही रात सीताको दाहसंस्कारमा संलग्न १७ जनालाई पक्राउ गरी सुक्ष्म अनुसन्धान थालिएको निमित्त प्रवक्ता, प्रहरी निरीक्षक दीपक कुँवरले बताए ।

२० गते राति ८ बजे झाँक्रीकहाँ लगिएकी सीतालाई 'बोक्सी बकाउने' भन्दै लछारपछार पारी कुटपिट गरेको र सोही क्रममा उनको मृत्यु भएको थियो ।

सीतालाई लछारपछार पारेको भिडियो सामाजिक संजालमा पनि सार्वजनिक भएको छ । त्यसप्रति प्रहरीको गम्भीर ध्यानाकर्षण भएको प्रहरीले जनाएको छ । साथै उक्त घटनामा संलग्न मानिसहरूलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको जनाएको छ ।

# १२ वर्षे करिअरमा बेनिशाको पोल्टामा बल्ल हिट फिल्म



काठमाडौं/कलाकारलाई हिट फिल्मको भोक कतिसम्म हुन्छ भन्ने कुरा अभिनेत्री बेनिशा हमाललाई जति अरु कसलाई थाहा होला र ! १२ वर्ष लामो करिअरमा एउटा पनि फिल्म हिटमा सूचिकृत नहुँदा उनलाई मिडियाले 'फ्लप हिरोइन'को ट्याग दियो । 'अभागी हिरोइन' भन्दै खिसिटिउरी गर्नेहरु कम थिएनन् । तर, भनिन्छ नि, 'पखाईको फल मीठो हुन्छ ।' त्यो फल उनको पोल्टामा बल्ल परेको छ ।

बेनिशाको मुख्य भूमिका रहेको नयाँ फिल्म 'छक्का पन्जा ४'ले यतिखेर बक्सअफिसमा आक्रामक कमाई गरिरहेको छ । सम्भवत: दोस्रो हप्ताको विकेन्डसम्म फिल्मले १० करोडको आँकडा पार गर्न सक्नेछ । एकातिर फिल्मको कलेक्सन ग्राफ उकालोलाग्दो छ भने अर्कोतिर आफ्नो अभिनय र चरित्रलाई दर्शकका साथै समीक्षकले पनि प्रशंसा गर्दा उनलाई दुवै हातमा लड्डू झैं भएको छ ।

सन् २०११ मा प्रदर्शन भएको फिल्म 'स्वर'बाट उनले अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । अभिनेत्रीद्वय केकी अधिकारी र रीमा विश्वकर्माको डेब्यू पनि यही फिल्मबाट भएको थियो । संयोग नै मान्नुपर्छ, केकीको पहिलो हिट दीपकराज गिरी र दीपाश्री निरौला समूहको 'छ माया छपक्कै' थियो । र, बेनिशाले पनि पहिलो पटक हिटको सु:ख दीपक-दीपाश्री समूहकै फिल्मबाट पाएकी छन् ।

'स्वर'पछि उनले एक दर्जन बढी फिल्ममा काम गरिन् । प्राय:मा उनको अभिनयको राम्रै प्रशंसा भयो । फिल्म 'ब्लाइन्ड र क्स'बाट पोल्टाभरि उत्कृष्ट अभिनेत्रीको अवार्ड समेत पाइन् । तर, हिटको खुसी उनलाई कुनैले दिएका थिएनन् । यद्यपि, उनी कामविहीन पनि हुनुपरेको थिएन/छैन । अब बेनिशाले कुन हिसाबले फिल्म छनोट गर्दै जान्छिन्, त्यसले उनको करिअरको रुपरेखा कोर्नेछ ।

## 'तेरे नाम २' बनाउन चाहन्थे सतीश कौशिक



एजेन्सी, मुम्बई/प्रख्यात अभिनेता तथा निर्देशक सतीश कौशिकको निधनले बलिउड इन्डस्ट्री स्तब्ध बनेको छ । ६६ वर्षको उमेरमा उनले बिहीबार अन्तिम सास लिए । उनको निधन आर्ट अट्याकका कारण भएको बताइएको छ । आफ्नो जीवनकालमा कयौं यादगार र सानदार फिल्ममा अभिनय गरेका सतीशको कमेडी टाइमिङ जबर्जस्त मानिन्थ्यो । उनी अभिनयसँगै निर्देशनमा पनि उतिक्कै अब्बल थिए ।

सतीशले 'रूप की रानी, चोरों का राजा' फिल्मबाट निर्देशकमा डेब्यू गरेका थिए । यो त्यसबेलाको बलिउडकै महंगो फिल्म थियो । उनले 'तेरे नाम', 'कागज', 'हम आपके दिल में रहते हैं', 'हमारा दिल आपके पास है', 'मुझे कुछ कहना है' जस्ता फिल्मको पनि निर्देशन गरिसकेका छन् । उनको अन्तिम निर्देशकिय फिल्म 'कागज २' हो, जसको छायांकन सकिएर अब प्रदर्शन हुन बाँकी छ ।

उनले निर्देशन गरेकामध्ये 'तेरे नाम' उत्कृष्ट फिल्ममध्येमा गनिन्छ । यो फिल्म अभिनेता सलमान खानको करिअरको टर्निङ पोइन्ट बनेको थियो । यद्यपि, फिल्म ब्लकबस्टर भने भएको थिएन । तर, फिल्ममा सलमानको अभिनय सशक्त थियो । यसका गीतसंगीत अझै पनि चर्चित छन् । उनी यो फिल्मको दोस्रो पार्ट समेत बनाउन चाहन्थे । त्यसका लागि उनीसँग एउटा कथा पनि तयार थियो ।

सतीश कौशिकले तीन वर्षअघि एक अन्तर्वार्तामा भनेका थिए, 'मसँग 'तेरे नाम २'का लागि एउटा कहानी छ । तर, यो विषयमा मेरो सलमान खानसँग कुनै कुराकानी भएको छैन । र, मलाई यो पनि थाहा छैन कि फिल्म बन्छ या बन्दैन । यदि बन्यो भने म एकदमै खुसी हुनेछु । 'तेरे नाम २' गर्नुपर्छ भन्ने कुरा खासमा सलमानको दिमागमा नै आउनु पर्छ । किनकि, ऊ अहिलेको ठूलो स्टार हो ।'

कुनै चिज हुनु छ भने भएरै छाड्ने बताउँदै उनले 'तेरे नाम' पनि आफ्नो पोल्टामा अचानक परेको स्मरण गरेका थिए । 'यो फिल्म सुरुमा अर्कैले गर्ने कन्फर्म थियो । तर, बन्न सकेको थिएन । त्यो सब्जेक्टमा कसैले विश्वास नै गरेका थिएनन् । मैले त्यसको रिमेक हेरि सकेकाले मलाई मन परेको थियो र मैले निर्देशन गरें । त्यसरी नै 'तेरे नाम २' पनि अचानक बन्न सक्छ,' सतीशले भनेका थिए ।

## 'छड्के २' मा म चुक्न पुगें - अनमोल

काठमाडौं/अभिनेता अनमोल केसीले दर्शकसँग माफी मागेका छन् । आफ्नो फिल्म 'छड्के २' ले दर्शकलाई निराश बनाएको भन्दै उनले सामाजिक संजाल मार्फत माफी मागेका हुन् । दर्शकका कारण आफु अहिलेको अवस्थामा आइपुगेको बताएका उनले आफ्नो कारणले दर्शक निराश हुँदा झनै दु:खी भएको बताएका हुन् ।

सामाजिक सञ्जालमा उनले लेखेका छन्, 'मलाई थाहा छ, मैले छड्के २ मार्फत मलाई माया गर्ने दर्शकहरुलाई निराश बनाएँ । जुन दर्शकहरुको साथको कारण म यहाँ आइपुगें, मैले उहाँहरुलाई नै निराश बनाउँदा म झनै दु:खी भएको छु । छड्के २ मेरो नवौं फिल्म थियो, नवौं फिल्मसम्म आइपुग्दा म झनै परिपक्क हुनुपर्थ्यो । तर, यहाँ म चुक्न पुगें । विश्वस्त हुनुस्, या समय बितेर जान्छ । घाम डुबेपछि फेरि भोलि नयाँ बिहानी हुन्छ । म भोलि सुनौलो बिहानी मेरा दर्शकसँग साट्नेछु । दुखेका घाउहरुमा मल्हम लगाउनेछु, अब नवौं पछिको दशौं सिनेमा दशपछिको शून्य हटेपछि बन्ने एक अर्थात आज म शून्यमा छु र मेरो करियरको पहिलो सिनेमा मेरो दशौं सिनेमा हुनेछ । अर्थात मेरो करियरको दोस्रो सत्रको सुरुवात मेरो अबको सिनेबाट हुनेछ । जबसम्म शुभचिन्तक र दर्शकको साथ र सहयोग रहिरहनेछ । मेरो कोसिस निरन्तर जारी रहेनछ । पशुपति नाथले हामी सबैको कल्याण गर्नुहुनेछ ।'

अनमोलले आफ्नो दशौं फिल्म आफ्ना लागि पहिलो हुने समेत वाचा गरेका छन् । अनमोलले आफ्नो फिल्म 'छड्के २' सँग रिलिज भएको फिल्म 'छक्का पन्जा ४' को टिमलाई समेत बधाई दिएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# बनेलधाप र कालोपानीबासीलाई खानेपानी नि:शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ हेटौंडा उपमहानगरपालिकाले खानेपानीमा नगरबासीका लागि दिँदै आएको छुटबाट हेटौंडा-१४ का बनेलधाप र कालोपानीका बासिन्दा लाभान्वित हुने भएका छन् ।



उपमहानगरले हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग आवद्ध रहेका धाराबाट खानेपानी प्रयोग गर्नेलाई दिँदै आएको मासिक १० हजार लिटर पानीबाट उनीहरु लाभान्वित हुने भएका हुन् । लामो समयदेखि खानेपानीका लागि दु:ख गरेका तत्कालीन चुरियामाई गाविसको १ र २ नम्बर वडाका बासिन्दा नगरबाट पाएको सुविधासँगै खानेपानीको समस्याबाट मुक्त भएका छन् । दैनिक उपभोग्य पानीका लागि घण्टौं हिडेर छिमेकी जिल्लासम्म जानुपर्ने बाध्यतामा रहेका हेटौंडा-१४ बनेलधाप र कालापानीका बासिन्दा खानेपानीको समस्याबाट मुक्त भएका हुन् ।

पानीका लागि छिमेकी बारा जिल्लासम्मको यात्रा गर्नुपर्ने उनीहरुलाई जिल्ला समन्वय समिति र हेटौंडा उपमहानगरपालिकाले गाउँघरसम्म खानेपानीको सुविधा दिएपछि नियमित भोग्दै आएको खानेपानीको समस्याबाट छुटकारा पाएको स्थानीयले बताए । खानेपानीको समस्या समाधानका लागि जिल्ला समन्वय समिति र खानेपानी व्यवस्थापन बोर्डको २ करोड ४० लाख रुपियाँको लागतमा ३ लाख लिटरको टंकी निर्माण भएको छ । २०७८ साल फागुन १० गते टंकी निर्माण भएसँगै हेटौंडा उपमहानगरले टंकीबाट गाउँसम्म पानी लैजानका लागि २ दशमलब ४ किलोमिटर मेनलाईन र साढे १७ किलोमिटर शाखा लाइन पाईप बिस्तारको काम गरेसँगै पानीको समस्याबाट स्थानीयले छुटकारा पाएको बनेलधाप कालोपानी खानेपानी उपभोक्ता समिति पूर्वअध्यक्ष मोहनसिं मोक्तानले बताए ।

'पानीका लागि ठूलो संघर्ष गर्नुपर्ने हामीलाई अहिले निकै सहज भएको छ । यसरी घरमै धारा आइपुग्ला भन्ने लागेको थिएन, अहिले सपना झैं भएको छ', उनले खुशीहुँदै भने । उपमहानगरले ठेक्कामार्फत् पाइपलाइन बिस्तार गरेको थियो । शनिबार नवनिर्मित खानेपानी ट्यांकीको हेटौंडा उपमहानगर पालिकाका प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले उद्घाटन गर्दै नियमित खानेपानी व्यवस्थापनको जिम्मेवारी बोर्डमा हस्तान्तरण गरेका छन् । बोर्डलाई खानेपानी व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणसँगै बनेलधाप र कालापानीमा रहेका ४ सय २५ परिवारले हेटौंडा उपमहानगर पालिकाले दिएको १० हजार लिटर सम्मको पानी नि:शुल्क उपभोग गर्न पाउने भएका छन् ।

हेटौंडा-१४ का वडा अध्यक्ष दीपक खड्काको सभाध्यक्षतामा भएको योजना हस्तान्तरण कार्यक्रममा हेटौंडा-९ का वडा अध्यक्ष शुकराम केसी, वडा नम्बर १३ का वडा अध्यक्ष पेम्बा लामा, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्ट, बोर्डका कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटा, बनेलधाप कालोपानी खानेपानी उपभोक्ता समिति पूर्वअध्यक्ष मोक्तानलगायतको आतिथ्यता थियो ।

# नगरका महिलाहरु ढाकाको उत्पादनमा जोडिँदै



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ कपडाको व्यवसायमा मंहङ्गो मानिने ढाकाको उत्पादनमा हेटौंडाका महिलाहरु जोडिएका छन् । हेटौंडा उपमहानगरपालिकाले प्रदान गरेको एड्भान्स ढाकाको कपडा बुनाई तालिममार्फत् पोख्त बन्दै गरेका नगर भित्रका महिलाहरु ढाकाको कपडा उत्पादनमा जोडिएका हुन् ।

उपमहनगरको सहकार्यमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)बाट ढाकाको कपडा बुनाईसम्बन्धी दुई महिने आधारभूत तालिम लिएकालाई उपमहानगरपालिकाले आफ्नै लगानीमा एड्भान्स तालिम दिएसँगै हेटौंडाका महिलाहरु ढाकाको कपडा उत्पादनमा जोडिएका हुन् ।

उपमहानगरपालिकाले हेटौंडा, १५, १७ र १८ नम्बरका ११ जना महिलाहरुलाई ढाकाको कपडा तथा अन्य सामग्री उत्पादनको लागि एड्भान्स तालिम दिएको हो । उनीहरुले तालिम दौरान ढाकाको धागोमार्फत् सल, पछ्यौरा, साडी, हातेव्याग, कुर्ता र खादा जस्ता सामग्रीहरु उत्पादन थालेका छन् ।

उपमहानगरले ३ लाख रुपियाँको लगानी गरेर तीन वटा वडाका ११ जना महिलाहरुलाई एड्भान्स तालिम दिएको थियो । तालिम लिएका महिलाहरुले निकै महङ्गो मूल्यका सामानहरु उत्पादन गर्न थालेको उद्योग विकास महाशाखाले जनाएको छ ।

सहभागीलाई १२ वटा तानमार्फत् ढाकाका विभिन्न सामान उत्पादन गरिरहेकाहरुलाई उपमहानगर पालिकाका नगर प्रमुख मीनाकुमारी लामाले तालिमपछि ढाकाको कपडा तथा अन्य सामग्रीको उत्पादनमा जोडिँदै आर्थिक उपार्जनमा लाग्न प्रोत्साहन गरिन् । उपमहानगरले हेटौंडा-४ मा महिलाहरुले उत्पादन गरेको विभिन्न सामग्रीहरु बजारीकरणका लागि कोशेली घर सञ्चालनमा ल्याएको छ ।

# होटल एसोसिएसन मकवानपुरको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ हेटौंडामा शनिबार होटल एसोसिएसन मकवानपुरको १४ औं वार्षिक साधारण सभा भएको छ । हेटौंडाकी नगर प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।



लामाले हेटौंडालाई पर्यटकीय हव बनाउन सहकार्य आवश्यक रहेको बताएकी छन् । उपमहानगरले पर्यटन प्रबर्द्धनलाई ध्यानमा राखेर काम गरिरहेको बताउँदै उनले पर्यटकलाई कसरी हेटौंडामा बस्ने वातावरण बनाउन सकिन्छ त्यो विषयमा अध्ययन गर्न जरुरी रहेको बताइन् । 'हामी कर्रा र राप्तीलाई कसरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सक्छौं भनेर अध्ययन गरिरहेका छौं', उनले भनिन्- 'दुबै नदीलाई देखाएर हेटौंडामा पर्यटक कसरी रोक्न सक्छौं त्यो विषयमा व्यवसायीहरुसँग छलफल गर्न उपमहानगर तयार छ ।'

कर्रा खोलालाई आधार मानेर करिडोर बनाउने तयारीमा उपमहानगर लागिसकेको भन्दै बागमती प्रदेशको राजधानी हेटौंडालाई व्यावसायिक हव बनाउने बिषयमा सोच्न जरुरी रहेको उनको भनाइ थियो । नगर प्रमुख लामाले हेटौंडालाई चिनाउने विषयमा सोच्न होटल व्यवसायीहरुलाई सुझाव दिइन् । 'हामीले बिस्तारै कामलाई गति दिँदैछौं । हेटौंडाबासीलाई १० हजार लिटर पानी नि:शुल्क गरेसँगै अब शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने चरणमा लागेका छौं ।' अहिले हेटौंडामा दिँदै आएको शिक्षालाई विकास गर्ने क्रममा इन्जिनियरिङ्ग, कानुन र कृषिको उच्चशिक्षा ल्याउने क्रममा रहेको उनले बताइन् ।

साधारणसभामा मकवानपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले हेटौंडामा आएर पर्यटक बस्नुपर्ने आधार तयार गर्न व्यवसायीलाई सुझाव दिए । 'बाहिरबाट आएका मानिस हेटौंडामा किन बस्नुपर्ने आधार तयार गरौं', शर्माले भने । उनले व्यवसायमात्र नभई यहाँ आउने आगन्तुकको सुरक्षामा पनि ध्यान दिनुपर्ने भन्दै प्रशासन सहयोग गर्न तयार रहेको बताए ।

एसोसिएसन मकवानपुर अध्यक्ष दिलिशगोविन्द जोशीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का अध्यक्ष फुर्वा लामा, होटल तथा पर्यटन व्यवसायी संघ बागमती प्रदेशका अध्यक्ष दामोदर नेपाल, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हिरालाल श्रेष्ठ, होटल तथा पर्यटन व्यवसायी संघ वागमती प्रदेशका सचिव हरि पन्त, निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

साधारणसभाको अवसरमा होटल एसोसिएसनलाई क्रियाशिल बनाइराख्न सहयोग गर्ने संस्थापकहरु शंकरलाल श्रेष्ठ र शालिकराम शर्मालाई दोसल्ला ओडाएर सम्मान गरिएको थियो । एसोसिएसनको भवन निर्माणको लागि ५ कठ्ठा जमिन उपलब्ध गराएको भन्दै हेटौंडा उपमहानगरपालिकालाई कदरपत्र प्रदान गरिएको छ । साधारणसभाको समापन होटल एसोसिएसनका उपाध्यक्ष धनबहादुर पौडेलले गरेका थिए ।

# हेटौंडा आँखा अस्पतालले पाएन बीमा भुक्तानी

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ तराईका जिल्लाहरुलाईसमेत प्रभावकारी आँखा उपचार सेवा प्रदान गरिरहेको हेटौंडा सामुदायिक आँखा अस्पतालले बीमा वापतको भुक्तानीको ठूलो रकम नपाएपछि समस्यामा परेको छ ।





हेटौंडा सामुदायिक आँखा अस्पतालले स्वास्थ्य बीमा बोर्डबाट करिब चार करोड रुपैयाँ भुक्तानी लिन बाँकी रहेको छ । यसैका कारण अस्पतालको सेवा प्रभावित हुन थालेको जनाइएको छ । फागुन १७ गतेसम्म अस्पताल स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत् ३ करोड ६७ लाख १२ हजार १ सय रुपैयाँ भुक्तानी लिनुपर्ने देखिएको अस्पतालका प्रशासकीय अधिकृत सुधीरभद्र श्रेष्ठले जानकारी दिएका छन् । बिमा बोर्डबाट रकम भुक्तानी नहुँदा अस्पतालको दैनिक सेवा तथा बिरामीको उपचार एवम् शल्यक्रियामा प्रयोग हुने औषधि तथा अन्य सामग्री खरिद गर्न र तलब खुवाउन रकम अभाव भएको अधिकृत श्रेष्ठले बताए ।

तिलगंगा आँखा प्रतिष्ठानको शाखाको रुपमा सञ्चालन भइरहेको अस्पतालले सञ्चालन खर्च आफ्नै आम्दानीको स्रोतबाट जुटाउँदै आएको छ । स्वास्थ्य बीमा बोर्डले गत माघ महिनामा ५२ लाख ८७ हजार रुपैयाँ भुक्तानी दिएको थियो । त्यसपछि बीमा भुक्तानी नपाएको अस्पतालले आर्थिक समस्या व्यहोरेसँगै उपचार सेवा नै प्रभावित हुनसक्नेतर्फ ध्यानाकर्षण गराएको छ ।

अस्पतालले बोर्डलाई पत्र लेखी बीमाको रकम भुक्तानी गर्न आग्रह गरिसकेको छ । तर, बोर्डले रकम भुक्तानी नगरेको अस्पतालले जनायो । आँखा अस्पतालमा दैनिक ५० हजारदेखि एकलाख ५० हजार रुपैयाँ बराबरको स्वास्थ्य बीमा कार्यक्रममा सहभागी सेवाग्राहीले सेवा लिँदै आएका छन् । स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत् सेवा लिन अस्पतालमा दैनिक १ सय ५० जनाभन्दा बढी आउने गरेको श्रेष्ठले बताए । बिमा कार्यक्रमका सेवाग्राही बढी आउनुले अस्पतालको आम्दानीको प्रमुख स्रोत पनि स्वास्थ्य बीमा बोर्डबाट प्राप्त हुने रकम नै भएको अस्पतालका प्रमुख डा. सुनिल थकालीले बताए ।

# रास्वपा हेटौंडा नगर सभापतिमा विष्ट





साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को हेटौंडा उपमहानगर समिति गठन गरिएको छ ।

शनिबार हेटौंडामा भएको प्रथम अधिवेशनबाट ध्रुवबहादुर विष्टको सभापतित्वमा नगर समिति गठन गरिएको हो । नगर समितिको उपसभापतिमा सपना कँडेल, सचिवमा प्रेमप्रसाद लामिछाने र कोषाध्यक्षमा सम्झना पुडासैनी चयन भएका छन् । सदस्यहरुमा सन्तोषी बर्तौला, रामप्रसाद न्यौपाने, हरिबहादुर कुँवर, मञ्जु धमला, बिष्णु सुनार, रामविक्रम थापा र विनोद पौडेल छन् । त्यस्तै, नगर सल्लाकारमा दामोदर दाहाल, बिष्णुलाल महर्जन, उद्धव पराजुली, महेन्द्र श्रेष्ठ चयन भएका छन् ।

पार्टीको नगर भेलामा पार्टी केन्द्रीय सदस्य रामकृष्ण भट्टराई, विन्दबासिनी कंसाकार, प्रदेश सभापति डा. अच्युतम लामिछाने, प्रदेश उपसभापति दिनेश हुमागाई, प्रदेश महामन्त्री गिता बराल, बागमती प्रदेश प्रवक्ता उत्सव अर्याल, मकवानपुर संयोजक भरत पराजुली, पूर्वप्रदेश कोषाध्यक्ष टाकाराज थापा, निवर्तमान जिल्ला उपसंयोजक निराजन बर्तौला, निवर्तमान जिल्ला सदस्य नवराज पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए । यसैगरी, शनिबार हेटौंडामा पार्टीको प्रदेश कार्यालय उद्घाटन गरिएको छ ।

# उपराष्ट्रपतिमा यादवको उम्मेदवारीबिरुद्ध बर्तौलाको बिरोध



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ उपराष्ट्रपतिमा उम्मेदवारी दर्ता गराएका जनता समाजवादी पार्टी (जसपा)का नेता रामसहायप्रसाद यादवको उम्मेदवारीविरुद्ध उजुरी परेको छ ।

शनिबार यादवको उम्मेदवारी संविधान र कानुनविपरीत रहेको भन्दै मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित नेकपा एमालेका सांसद् महेश बर्तौलाले उजुरी दिएका छन् । बर्तौलाले संविधान, ऐन र प्रचलित मान्यताविपरित यादवको उम्मेदवारी परेको भन्दै खारेजी माग गरेका छन् । बर्तौलाले यादवको उम्मेदवारी खारेज हुनुपर्ने आधार र कारणसहित उजुरी दिएका हुन् । उनले राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना फरक लिङ्ग र समुदायको हुनुपर्ने र यसअघि सोही अभ्यास भएकोसमेत दाबी गरे ।

उपराष्ट्रपति पदका लागि एमालेबाट उम्मेदवारी दिएकी अष्टलक्ष्मी शाक्य (बोहरा)को प्रतिनिधिसमेत रहेका बर्तौलाले नयाँ बानेश्वरस्थित निर्वाचन अधिकृतको कार्यालयमा शनिबार उजुरी दर्ता गरेका हुन् ।

नेपालको संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था गरेको अवस्थामा विहीबार नै राष्ट्रपतिमा पुरुष निर्वाचित भइसकेको, राष्ट्रपति पदमा खसआर्य समुदायबाट पुरुष निर्वाचित भइसकेको अवस्थामा उपराष्ट्रपति पदमा खसआर्य समुदायको पुरुषबाहेक मात्र उम्मेदवार हुनसक्छ ।

त्यसैले सो पदमा पुरुष उम्मेदवार हुन सक्दैन र समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था बमोजिम राष्ट्रपति पुरुष बनिसकेकाले महिलालाई उपराष्ट्रपति पदमा उम्मेदवार मनोनयन हुने व्यवस्था मिलाउन संविधान, कानुन र समावेशीकरणको सिद्धान्तअनुरुप अनिवार्य रहेको उजुरीमा उल्लेख छ ।

यद्यपि जसपाबाट उम्मेदवारी दिएका यादवको नाममा शुक्रबार नै प्रश्न उठ्न थालेपछि जसपाबाटै प्रमिला यादवले पनि उपराष्ट्रपतिमा उम्मेदवारी दर्ता गराएकी छन् । ९ दलीय गठबन्धनका शीर्ष नेताहरुले कांग्रेसलाई राष्ट्रपतिमा निर्वाचित गरेर जसपालाई उपराष्ट्रपतिमा सहयोग गर्ने सहमति गरेका थिए ।

एमालेबाट भने उपराष्ट्रपतिमा शाक्यले उम्मेदवारी दर्ता गराएकी छन् । उपराष्ट्रपति निर्वाचनको तयारीका सन्दर्भमा आइतबार उम्मेदवारको नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका छ । ३ चैतमा उपराष्ट्रपतिको निर्वाचन हुनेछ । यसअघि नेपाली कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित भएका थिए ।

# प्रतिबोरा ९ सय रुपैयाँले सस्तियो मैदाको भाउ



काठमाडौं, २६ फागुन/ मैदाको भाउ प्रतिबोरा ९ सय रुपैयाँले सस्तिएको छ । रुस-युक्रेन युद्धका कारण अचाक्ली बढेको मैदाको भाउमा सुधार हुँदै गएको नेपाल खुद्रा व्यापार संघले जनाएको छ ।

संघका अनुसार केही महिना अघि ४ हजार ६ सय रुपैयाँ प्रतिबोरा (५० किलो) पर्ने मैदाको मूल्य घटेर अहिले ३ हजार ७ सय रुपैयाँमा झरेको छ । संघका सहकोषाध्यक्ष ब अधिकारीकाअनुसार गहुँको उपलब्धता बढेसँगै मैदाको मूल्य घटेको हो ।

'अहिले ५० किलोको मैदाको बोराको बजार मूल्य ३ हजार ७ सयमा झरेको छ,' अधिकारीले भने, 'झण्डै ९२ रुपैयाँ किलोको मैदाको मूल्य अहिले ७४ रुपैयाँ हाराहारीमा झरेको छ ।'

नेपाललाई भारतले गहुँ आयातका लागि अनुमति दिएसँगै बजारमा गहुँको मूल्य ओरालो लागेको संघले जनाएको छ । मैदाको मूल्य घट्नुको फाइदा खाद्यान्न उपजमा पर्ने अधिकारी बताउँछन् ।

यस बीचमा बिस्कुट र चाउचाउको मूल्यमा उच्च वृद्धि भएको र अब मैदाको मूल्य घट्दाको फाइदा यी उत्पादनमा पर्ने उनले बताए । सरकारले भारतसंग माग गरेको ५० हजार मेट्रिकटन गहुँ उद्योगी व्यवसायीहरुले आयात गर्न थालेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

# रिटर्नी फेडेरेसन मकवानपुर अध्यक्षमा पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ नेकपा एमालेनिकट रिटर्नी फेडेरेसन नेपाल मकवानपुरको अध्यक्षमा लेखनाथ पौडेल चयन भएका छन् ।

रिटर्नी फेडेरेसन वैदेशिक रोजगारीमा गएर स्वदेश फर्किएका युवाहरुको संगठन हो । हेटौंडामा शनिबार भएको पहिलो जिल्ला अधिवेशनले पौडेलको अध्यक्षतामा २० सदस्यीय कार्यसमिति गठन गरेको छ । अधिवेशनले उपाध्यक्षमा सविन केसी, सचिवमा प्रकाश घिमिरेलाई चयन गरेको छ ।

समितिको सहसचिवमा गौरव गोले र श्याम ढुंगाना तथा कोषाध्यक्षमा रेखा मैनाली चयन भएका छन् । समितिको सदस्यहरुमा कमल घिसिङ, बाबुराम केसी, थापा बहादुर दोङ, मनोरथ बास्तोला, कल्याण राना, किरण थापा, उत्तर बहादुर तामाङ, मञ्जुला भुजेल, विपिन घिमिरे, स्वस्तिक सापकोटा, सुवास दाहाल, ईश्वर सेढाइँ, फणिराज अधिकारी तथा गृष्मा मगर चयन भएका छन्

# निर्माण व्यावसायी संगठन प्रदेश उपाध्यक्षमा ढकाल





साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुरका निर्माण व्यवसायी राजन ढकाल राष्ट्रिय निर्माण व्यवसायी संगठन बागमती प्रदेश उपाध्यक्षमा चयन भएका छन् ।

काठमाडौंमा शनिबार भएको नेपाल राष्ट्रिय निर्माण व्यावसायी संगठनको १३ औं वार्षिक साधारणसभा तथा बागमती प्रदेश भेलाबाट ढकाल उपाध्यक्षमा निर्विरोध चयन भएका हुन् । साधारणसभाबाट संगठनको अध्यक्षमा रसुवाका जयराम घर्ती, वरिष्ठ उपाध्यक्षमा चितवनका बसन्त खरेल, महासचिवमा दोलखाका भुवन घिमिरे र कोषाध्यक्षमा रामेछापका नारायण तिमिल्सिना चयन भएका छन् । उपाध्यक्षमा चयन भएका ढकाल न्यू ज्योति कन्ट्रक्सनका संचालक तथा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको संचालक समिति सदस्य हुन् ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।


कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना